# फिलाडेल्फिया बिद्यालय जिल्ला

**नितीः स्वयमसेवकहरु को आवश्यक पृष्ठभुमीको निरिक्षण**

**उधेश्यः**

आमा बुवा र समुदायका स्वयमसेवकहरुलाई आवश्यक पर्ने पृष्ठभूमी निरिक्षणको बारे भएको बिद्यालय जिल्लाको स्थिती स्पष्ट गर्ने।

**व्याख्याः**

"आगन्तुक" (Visitor भन्ने शब्दले स्विच्छिक रुपमा बिशेष कार्यक्रमहरु मा, एक चोटि वा धेरै चोटि बिद्यालय मा वा बिद्यालयको लागि यात्रामा जाने वा कार्यक्रममा भाग लिने व्यक्तिहरु सम्मिलित हुन्छन्। बालकहरुको निगरानी गर्ने, हेर बिचार गर्ने र बालकहरुलाई नियन्त्रण गर्ने कृयाकलापमा आगन्तुकहरु संलग्न हुने छैनन्।

बिद्यालय जिल्लाको कुनै पनि विद्यार्थीको, आमा बुवा वा हेर बिचार गर्ने व्यक्ति जस्ले पूर्ण रुपमा वा अपूर्ण रुपमा समय समयमा वा (६० दिन भन्दा बढी) लामो समयको लागि बिद्यालयको लागि स्वयमसेवक भएको तर कर्मचारी, ठेकेदार वा बिद्यालय जिल्लाको विद्यार्थी नभएको व्यक्तिलाई "आमा बुवा स्वयमसेवक" (Parent Volunteer) भन्ने शब्दले चिनिन्छ।

पूर्ण रुपमा वा अपूर्ण रुपमा समय समयमा वा (६० दिन भन्दा बढी) लामो समयको लागि स्वयमसेवक भएको तर कर्मचारी, ठेकेदार, वा बिद्यालय जिल्लाको विद्यार्थी वा आमा बुवा वा हेर बिचार गर्ने व्यक्ति नभएको व्यक्तिलाई "आमा बुवा नभएको स्वयमसेवक" (Non-Parent Volunteer) मानिन्छ।

"स्वयमसेवक" (Volunteer) भन्ने शब्द दुबै आमा बुवा स्वयमसेवक र आमा बुवा नभएको स्वयमसेवकहरुको लागि प्रयोग गरिन्छ।

**नितीः**

आगन्तुकहरुले अपराधी पृष्ठभूमीको निरिक्षण गर्नु पर्ने हुँदैन। आमा बुवा स्वयमसेवकहरुले दुई वटा पृष्ठभुमी निरिक्षण प्राप्त गर्नु पर्ने हुन्छः

• पेन्सल्भेनीया राज्य अपराध ईतिहास रेकोर्ड (Pennsylvania State Criminal History Record)

• बालक दुरुपायोग रेकोर्ड (Child Abuse Report)

> टिप्पणीः बिद्यालय जिल्लाले आमा बुवा स्वयमसेवकहरुलाई एफ बि आइ (FBI) प्रिष्ठभुमी निरिक्षणको अपेक्षा गर्दैन। तर अपेक्षा गरेको दुई वटा पृष्ठभुमीले अपराध गरेको देखाएको खण्डमा आमा बुवा स्वयमसेवकले एफ बि आइको पृष्ठभुमी पनि प्राप्त गर्नु पर्छ।

आमा बुवा नभएका स्वयमसेवकहरुले तीन वटै प्रिष्ठभुमी निरिक्षण प्राप्त गर्नु पर्छः

• पेन्सल्भेनीया राज्य अपराध ईतिहास रेकोर्ड (Pennsylvania State Criminal History Record)

• बालक दुरुपायोग रेकोर्ड (Child Abuse Report)

• एफ बि आइको पृष्ठभुमी (जनवरी १ २००८ देखी नयाँ आमा बुवा नभएका स्वयमसेवकहरुको लागि लागु गरिएको)

गम्भिर अपराध गरेको दोष लागेको खण्डमा (प्रक्रियाले व्याख्या गरेको अनुसार) सो रिपोर्टको मिती देखी पाँच बर्ष सम्मा बिद्यालयमा स्वयमसेवक हुन बाट रोक लगाइन्छ। प्रिष्ठभुमीको निरिक्षण पार गरेतापनी प्रधानाध्यापकले सो व्यक्तिलाई स्वयमसेवक हुनबाट रोक लगाउन सक्ने छ।

स्वयमसेवक बन्न मन लागेको व्यक्तिले पृष्ठभूमी आउनु भन्दा अगाडि यि कुराहरु गरी मात्र बिद्यालयमा काम गर्न सक्ने हुन्छः

१ बिद्यालय जिल्ला प्रशासकलाई पृष्ठभुमी निरिक्षणको फारमको प्रतिलिप दिनु पर्छ।

२ स्वयमसेवक हुनबाट रोक लागाउने अपराधको दोष छैन भने शपत लिने

३ बालकहरुको निगरानी, हेरबिचार, निर्देशन वा नियन्त्रण गर्नु पर्ने कृयाकलापमा संलग्न नहुने।

दिसेम्बर १९, २००७